SitRep

#४

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोरोना भाइरस (2019-nCoV) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

शुक्रबार। १७ माघ २०७६ (३१ जनवरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीनबाहिर १८ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार 2019-nCoV को सङ्क्रमण, मानव-देखि मानव प्रसारणको गहनता र रोगको गम्भीरताको बारेमा थोरै मात्र जानकारी उपलब्ध छ। यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) Severe Acute Respiratory Syndrome (SARS) र Middle East Respiratory Syndrome (MERS) को तुलनामा कम छ। 2019-nCoV को बारेमा विस्तृत जानकारी आउन बाँकी नै छ र हाल अन्य रोग संग तुलना गर्न चाँडो हुन्छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

विश्वभर **पुष्टी भएका केसहरू: ७८१८**
चीनमा **पुष्टी भएका केसहरू: ७७३६**
**चीनमा मृत्यु हुनेको संख्या: १७०**
अन्य प्रभावित देशहरु: १८
पुष्टी भएका केसहरू : ८२

**WHO जोखिम निर्धारण**
चीन: धेरै उच्च
क्षेत्रीय स्तर: उच्च
विश्वभर: उच्च

(* १६ माघ २०७६ सम्ममा)

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एक जना संकास्पद बिरामीको throat swab को जाँच गर्दा नतिजा positive आएको र तत्पश्चात अन्य ५ वटा परिक्षणको क्रममा रहेका केसहरुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परिक्षण गरीएको र सबै नतिजाहरु नकारात्मक आएका छन् । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।

टेबल १: 2019-nCoV केसको परीक्षण गरिएको आज सम्मको अवस्था (४:०० बजे)

| केस बर्गिकरण | १६ माघ सम्ममा | १७ माघमा | १७ माघ सम्म कुल जम्मा |
|---|---|---|---|
| जम्मा केस | ५ | ० | ५ |
| positive केस | १ | ० | १ |
| negative केस | ४ | ० | ४ |
| नाजिजा आउन बाँकी | ० | ० | ० |

## मुख्य प्रतिकार्यहरू:

- मिति २०७६ माघ १६ गते माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीको अध्यक्षतामा बहुक्षेत्रीय उच्च स्तरीय बैठकमा गरिएका छलफल तथा निर्णयको सन्दर्भमा मन्त्रालयले निम्नकार्यहरू गरेको छ:
  - माननीय मन्त्रीज्यूको अध्यक्षतामा उच्च स्तरीय अनुगमन समिति, सचिवज्यूको अध्यक्षतामा निर्देशक समिति र गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुखको अध्यक्षतामा स्वास्थ्य प्राविधिक समिति गठन गरिएको छ ।
  - पर्यटकहरूको आवागमन अधिक हुने स्थानः पोखरा, चितवन र लुम्बिनी क्षेत्रमा कोरोना भाईरसको संक्रमणको उपचारको अनुगमन एवंम व्यवस्थापनमा सहजीकरणको लागि सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, सरोकारवाला अस्पतालहरु तथा मेडिकल कलेजसग समन्वय गर्न उपचारात्मक सेवा महाशाखाका निर्देशकको संयोजकत्वमा विशेष टोली परिचालन गर्ने व्यवस्था गरिएको छ ।
  - तातोपानी र केरूङ नाकामा रहेको हेल्थ डेस्कलाई थप सुदृढ गर्न तथा स्थितिको अनुगमनका लागि मन्त्रालयको विशेष टोली परिचालन गरिएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको हेल्डेस्कमा Thermal scanner मार्फत screening गर्दा माघ १६ गते देखि माघ १७ गते बिहान १० बजे सम्म शंकास्पद लक्षण भएका कुनै पनि बिरामीहरू देखिएका छैनन् ।
- माघ १७ गते माननिय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू तथा चीनका महामहिम राजदुत बीच वर्तमान परिस्थिति, चीनमा रहेका नेपालीहरुको स्वास्थ्य अवस्था, पाएका स्वास्थ्य सुबिधा तथा सहकार्य एवम् सहयोगको क्षेत्रमा छलफल भयो ।



- माननिय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले नेपाल मेडिकल काउन्सिलका अध्यक्ष तथा स्वास्थ्य क्षेत्रका अन्य बिज्ञहरूसँग वर्तमान परिस्थितिका बारेमा छलफल र स्वास्थ्य क्षेत्रले चाल्नु पर्ने पहलकदमिका बारेमा राय सुझाब लिनु भएको छ ।
- माननिय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूले चीनमा अध्ययनरत बिद्यार्थीहरुका अभिभावकहरु संग बिद्यार्थीहरुको स्वास्थ्य तथा सम्पर्क अवस्थाका बारेमा छलफल गर्नुभयो ।
- 2019-nCoV सम्बन्धमा मिडिया, सामाजिक संजाल (फेसबुक, ट्वीटर) लगायतका संचारमाध्यममा तथ्यपरक, यथार्थ सूचनाहरु मर्यादित व्यवस्थित रूपमा सम्प्रेषण गर्न सम्पूर्ण सरोकारवालाहरुलाई अपिल गर्ने

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

2019-nCOV सम्बन्धी थप श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ।

स्वास्थ्य र जनसंख्या मन्त्रालय सबै क्षेत्रका अधिकारीहरू र साझेदारहरूबाट प्राप्त समर्थन एवं लाई धन्यवाद ज्ञापन गर्दछ।

**2019-nCoV IEC** | **Press Release MoHP** | **Technical Guidance**

**HUB Hospitals** | **Presentation** | **Contacts**


**स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र**
**फोन:** ०१-४२५०८४५, **फ्याक्स:** ०१-४२५०८४२,
**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np, **fb:**fb.com/HEOC

**इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**फोन:** ०१-४२५५७९६, **फ्याक्स:** ०१-४१००२६६,
**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np, **fb:** fb.com/edcdnepal